हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चित्रेभञ्ज्याङ्ग रोदी खोला, स्याङ्जा

**स्थापित:२०७३** **४ नं प्रदेश नेपाल**

मिति :२०७४/११/२१

## न्यायिक सल्लाकार भर्ना सम्बन्धी हरिनास गाउँपालिकाको कार्यालय स्याङ्जाको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७४/११/२१**

यस गाउँपालिकाको लागि देहाय बमोजिमको शर्तहरुको अधिनमा रही न्यायिक सल्लाहकार सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले इच्छुक उम्मेदवारले यस गाउँपालिका कार्यालयमा रितपूर्वक दरखास्त दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१ आवेदन दिने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा।

२ आवश्यक संख्या : १ (एक)

३ शैक्षिक योग्यता : लोक सेवा आयोगले लिने कानुन अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा स्नातकको योग्यता हासिल गरेको।

४ न्यायिक सल्लाहकारले गर्नुपर्ने अफिसियल कामहरु सम्पूर्ण गर्नुपर्नेछ।

५ अधिवक्ताको लाईसेन्स भएको हुनुपर्नेछ।

६ संलग्न गर्नुपर्ने कागजातहरु : व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरु, नेपाल बाहिर बाट शिक्षा हासिल गरेकाहरुको हकमा सो प्रमाण पत्रहरुको नेपालको विश्वविद्यालयबाट Equivalence गरिएको प्रमाण पत्र, कार्य अनुभव भए कार्य अनुभवका प्रमाण पत्रहरु तथा अन्य कागजातहरु।

७ आवेदन दिने तरिका : बुदा नं ६ मा उल्लेख गरिएका कागजातहरु एवं बुदा नं. ८ मा तोकिएको शुल्क यस गाउँकार्यपालिकाको कार्यालयबाट नगदी रसिद काटी निवेदनमा रु १० को टिकट टास गरी गाउँ कार्यपालिकाको कार्यालयमा आवेदन दर्ता गराउन सकिनेछ।

८ आवेदन शुल्क : रु १००० /- ( एक हजार रुपैया)

९ उम्मेदवार छनौटका आधारहरु देहाय बमोजिमका हुनेछन् :

| क.सं. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता | ३० |
| २ | कार्य अनुभव (सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात् | ४० |
| ३ | उम्मेदवारको स्थायी ठेगाना | ३० |

१० तलब स्केल : नेपाल सरकारको शाखा अधिकृतको प्रचलित स्केल बमोजिम।

११ करार अवधि : २०७५ असार मसान्त सम्म।

१२ थप जानकारीको लागि सम्पर्क :harinasruralmunicipality@gmail.com